नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७७/०७८ मिति : २०७७ वैशाख १४ गते
चलानी नं. : ४८३

विषयः- स्वतः प्रकाशनको विवरण पठाईएको ।

श्री राष्ट्रिय सूचना आयोग,
का.म.पा. १०, देवीनगर, काठमाडौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद-२, दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार तयार पारिएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७ माघ १ गते देखि २०७७ चैत्र मसान्त सम्म ३ महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन) को विवरण तहाँको जानकारीको लागि यसै साथ संलग्न गरी पठाइएको छ । सो पुस्तिका सर्वसाधारणको जानकारीको लागि यस मन्त्रालयको वेभसाइट www.mofaga.gov.np मा समेत राखिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
प्रेस तथा सूचना समन्वय शाखा : स्वतः प्रकाशनको विवरण संलग्न रहेको छ ।

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः it.section@mofaga.gov.np, mofagamails@gmail.com **बेवसाईटः** www.mofaga.gov.np
"स्वक्ष्य र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

## २०७७ साल माघ १ गते देखि २०७७ साल चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौ

फोन: ०१-४२००३०६ इमेल: info@mofaga.gov.np


२०७८ वैशाख

## २०७७ साल माघ १ गते देखि २०७७ साल चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु (स्वत: प्रकाशन)

---

प्रकाशक: नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह क्षमता विकास महाशाखा
सूचना तथा प्रविधि शाखा

फोन नं.: ०१-४२००३०६

वेवसाइट: www.mofaga.gov.np

इमेल: info@mofaga.gov.np

प्रकाशन: २०७८ वैशाख

# बिषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ३ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | २१ |
| ५. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | २१ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | २३ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | २३ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | २३ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | २३ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | ३६ |
| ११. | आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ३६ |
| १२. | मन्त्रालयको वेभसाईट | ३९ |
| १३. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ३९ |
| १४. | मन्त्रालयका निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | ३९ |
| १५. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | ४० |
| १६. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ४० |
| १७. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | ४० |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- १ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपछि सङ्घीयताको कार्यान्वयन शुरु भएको तथा संघीयताको कार्यान्वयन सँगै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका बढेको छ । मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । यस मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभाग, निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, निजामती किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ५ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।
मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान, २०७२ अनुरुप राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आएको छ ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएको छ ।

नवगठित स्थानीय तहहरुबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु जारी गरिएको छ ।

## २. मन्त्रालयको काम कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- २ को देहाय १८ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

- सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय
- स्थानीय तहको सङ्ख्या, सीमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानून र मापदण्ड
- राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग थारु आयोग र मुस्लिम आयोग,
- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान,
- पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखिकरण,
- फोहोरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून, मापदण्ड,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन,
- संघीय कर्मचारी निकायसम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानून र मापदण्ड,
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय,
- संघीय निजामती सेव र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन,
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरुको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यस्थापन,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरुको दरवन्दी सिर्जना सम्बन्धी नीति र मापदण्ड,
- वढुवा समितिको सचिवालय,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीहरुको सेवा ,शर्त र सुविधा,

- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड
- स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाको तालिम सम्बन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास
- सार्वजनिक पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी नीति र मापदण्ड
- प्रशासकीय अभिलेख र तथ्यांक
- निजामती अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासंग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन, राष्ट्र सेवक कर्मचारी सम्बद्ध संघ संस्था
- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको संचालन
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको जनरल उपसमूहको सञ्चालन

## ३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

(क) संगठन संरचना

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना

**मन्त्री**
निजी सचिव - उपसचिव उ.स.,
रा.प.द्वि.(प्र.) -१शा.अ., रा.प.तृ.(प्र.)-१,

**सचिव**
निजी सचिव
शा.अ., रा.प.तृ. (प्र.)-१

- **संघीय मामिला महाशाखा** — स.स.,रा.प.प्रथम (प्र)-१
  - संघीय मामिला शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - स्थानीय तह समन्वय शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
- **योजना तथा विकास सहायता समन्वय महाशाखा** — स.स.,रा.प.प्रथम (प्र)-१
  - योजना तथा अनुगमन शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - विकास सहायता समन्वय शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - वातावरण तथा विपद् व्यवस्थापन शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
- **स्थानीय तह क्षमता विकास महाशाखा** — स.स.,रा.प.प्रथम (प्र)-१
  - स्थानीय तह क्षमता विकास शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - स्रोत परिचालन समन्वय शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - सूचना तथा प्रविधि शाखा — उ.स.,रा.प.द्वि.(प्र.)-१; शा.अ.,रा.प.तृ.(प्र.)-१; क. अधिकृत, रा.प.तृ.-१; क. इन्जि., रा.प.तृ.-१
- **कर्मचारी प्रशासन महाशाखा** — स.स.,रा.प.प्रथम (प्र)-१
  - बढुवा शाखा — उ.स.,रा.प.द्वि.(प्र.)-१; शा.अ., रा.प.तृ.(प्र.)-३
  - कानून तथा फैसला कार्यान्वयन शाखा — उ.स.,रा.प.द्वि. (कानून)-१; का.अ.,रा.प.तृतीय (कानून)-१
  - संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा — उ.स.,रा.प.द्वि.(प्र.)-१; शा.अ., रा.प.तृ.(प्र.)-३
  - स्थानीय तह कर्मचारी प्रशासन शाखा — उ.स.,रा.प.द्वि.(प्र.)-१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - आर्थिक प्रशासन शाखा — उ.स.,रा.प.द्वि. (लेखा)-१; ले. अ., रा.प.तृ.-२; लेखापाल, रा.प.अनं.प्र.-२
  - आन्तरिक व्यवस्थापन शाखा — उ.स., रा.प.द्वि.(प्र.)-१,प्रमुख सु.अ. रा.प.द्वि.(सि)-१, शा.अ.,रा.प.तृ.(प्र.)-२, ना.सु.,रा.प.अनं.प्र.(प्र)-३, टा.ना.सु.-४, क.अ.,रा.प.अनं.प्र.- १०, सवारी चालक,रा.प.अनं.द्वि.(प्र) ८, पुस्तकालय सहायक रा.प.अनं.प्र.(सि) -१, हलका. १२, का.स. २६
- **कर्मचारी समायोजन तथा संगठन विकास महाशाखा** — स.स.,रा.प.प्रथम (प्र)-१
  - कर्मचारी समायोजन शाखा (क) — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.) -३
  - कर्मचारी समायोजन शाखा (ख) — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.) -३
  - संगठन विकास शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.) -३
- **प्रशासन सुधार, जनशक्ति योजना तथा विकास महाशाखा** — स.स.,रा.प.प्रथम (प्र)-१
  - जनशक्ति योजना तथा विकास शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२
  - प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-३
  - कर्मचारी कल्याण शाखा — उ.स.,रा.प.द्वि.(प्र.) -१; शा.अ., रा.प.तृ.(प्र.)-२

(ख) कर्मचारी संख्या

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ६ |
| ३ | उपसचिव | रा.प.व्दितीय | प्रशासन | सा.प्रशासन | | २० |
| ४ | उपसचिव | रा.प.व्दितीय | प्रशासन | लेखा | | १ |
| ५ | उपसचिव | रा.प.व्दितीय | न्याय | कानून | | १ |
| ६ | प्रमुख पुस्तकालय अधिकृत | रा.प.व्दितीय | शिक्षा | पुस्तकालय | | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ४६ |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| ९ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| १० | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| ११ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १२ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | ३० |
| १३ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| १४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | १० |
| १५ | पुस्तकालय सहायक | रा.प.अं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| १६ | खरिदार | रा.प.अनं.व्दि. | प्रशासन | सा.प्रशासन | | ६ |
| १७ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सा.प्रशासन | | ४ |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | | | | १२ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | | | | २६ |
| जम्मा | | | | | | १७२ |

(ग) कार्य विवरण

## १. सङ्घीय मामिला महाशाखा

१. सङ्घीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,

२. सङ्घीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,

३. सङ्घ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वयसम्बन्धी कार्य,

४. गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,

५. विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,

६. पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,

७. स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,

८. संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,

९. प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,

१०. प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,

११. प्रदेश र स्थानीय तह सम्बन्धी संघीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,

१२. स्थानीय तह सम्बन्धी अभिलेख व्यवस्थापन कार्य,

१३. स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,

१४.सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति,कानून,योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,

१५. स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC) सम्बन्धी कार्य।

१७.राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्था सँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी विषय,

१८.सङ्घीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य,

१९. सङ्घीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य,

२०.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

-निर्वाचन आयोग

-राष्ट्रिय दलित आयोग,

-राष्ट्रिय समावेशी आयोग,

-आदिवासी जनजाती आयोग,

-राष्ट्रिय महिला आयोग

-मधेशी आयोग,

-थारु आयोग

-मुस्लिम आयोग

-केन्द्रीय पंजीकरण विभाग

-समाज कल्याण परिषद्

-आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान

२१. तोकिएबमोजिमका अन्य कार्यहरू ।

(क) सङ्घीय मामिला शाखा

१. सङ्घ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको कानुन,नीति र मापदण्डसम्बन्धी कार्य,
२. गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वियन र सहजिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारणमा समन्वय सम्बन्धी कार्य,
४. विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
५. सङ्घीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
६. सङ्घीय शासन व्यवस्था सम्बन्धी अध्ययन,अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
७. प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
८. प्रदेश र विषयगत मन्त्रालयसँगको सम्पर्क,सहयोग तथा समन्वय सम्बन्धी कार्य,
९. नेपाल सरकारको तर्फबाट सङ्घीय शासन प्रणालीका सम्बन्धमा अन्तर्राष्ट्रिय फोरमहरुमा जनाईने प्रतिवद्धता र समझदारीहरुका सम्बन्धमा सम्बन्धित निकायहरुको समन्वयमा कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।
१०.स्थानीय तह सम्बन्धी अभिलेख (स्थानीय तहका पदामधकारीको विवरण तथा स्थानीय कानून एवं राजपत्र) व्यवस्थापन सम्बन्धी कार्य,
११.सङ्घीयता सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यासहरुको संकलन र प्रचार प्रसार सम्बन्धी कार्य।
१२.सङ्घीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य।
१३.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने
निर्वाचनआयोग
राष्ट्रिय मानव अधिकार आयोग,

(ख) स्थानीय तह समन्वय शाखा

१. स्थानीय तहसंगको सम्पर्क र समन्वय,
२. संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने बिषय,
३. स्थानीय तह र विषयगत मन्त्रालयबीचको सम्पर्क, सहयोग तथा समन्वय (शाखागत रुपमा तोकिएका कार्य बाहेक),
४. स्थानीय तहहरुबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्वन्धी कार्य,
५. जिल्ला समन्वय समितिसँगको सम्पर्क, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
६. स्थानीय तहसँग सम्बन्धित विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ,संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य ।
७. अभियान मूलक कार्यक्रमको मापदण्ड, नीति समन्वय र सहजीकरण।
८. निजामती बाहेकका स्थानीय तहमा कार्यरतअन्यस्थायी कर्मचारीहरुको बढुवा, उजुरी, राय प्रतिकृया सम्बन्धी कार्य,
९. सङ्घीय मन्त्रालयबाट स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरुको समन्वय र सहजीकरण।

(ग) सामाजिक समावेशीकरण तथा सामाजिक सूरक्षा शाखा

१. पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
२. स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,
३. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
४. स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC)सम्बन्धी कार्य,
६. राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
७. सकारात्मक विभेद सम्बन्धी नीति एवं मापदण्डमा सहजीकरण,
८. लैंगिक समता तथा सामाजिक समावेशीकण सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र त्यस्ता संघ संस्थाहरूसँगको सम्पर्क र समन्वय तथा नेपाल सरकारले अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता स्थानीय स्तरमा लागु गराउन प्रोत्साहन,सहयोग र सहजीकरण सम्बन्धी कार्य,
९. विकास कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरणको लेखाजोखा एवम् असल अभ्यासहरुको आदानप्रदान,
१०. बालमैत्री संरक्षण सम्बन्धी कार्य,
११. राष्ट्रिय गैर सरकारी संस्था, सामुदायिक संस्था र उपभोक्ता समूहको संस्थागत विकास, व्यवस्थापन एवं परिचालनमा समन्वय सम्बन्धी कार्य ।
१२. मन्त्रालयको लैंगिक सम्पर्क विन्दु (Gender Focal Point ) को रुपमाकार्य गर्ने
१३. देहायका आयोग, समित, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने:
    - राष्ट्रिय दलित आयोग,
    - राष्ट्रिय समावेशी आयोग,
    - आदिवासी जनजाती आयोग
    - राष्ट्रिय महिला आयोग,
    - मधेशी आयोग,
    - थारु आयोग,
    - मुस्लिम आयोग,
    - केन्द्रीय पंजीकरण विभाग,
    - समाज कल्याण परिषद्,
    - आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान

१४. तोकिए बमोजिमका अन्य कार्यहरु

## २. योजना तथा विकास सहायता समन्वय महाशाखा

१. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति,कानून,मापदण्ड,प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
२. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,समन्वय र सहजिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,
४. मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
५. योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
६. सङ्घीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ,संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य,
७. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
८. स्थानीय तहको आवधिक, बार्षिक, रणनैतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
९. सङ्घ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
१०. नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय
११.अन्तर सरकारी वित्तिय सम्वन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,
१२. अन्तर-स्थानीय तह विकास योजना,परियोजना र कार्यक्रमको समन्वय र सहजीकरणसम्बन्धी कार्य,
१३. स्थानीय तहको योजनाप्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क,सहयोग तथा समन्वय सम्बन्धी कार्य,
१४. विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
१५. स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्वन्ध विस्तार सम्बन्धी कार्य,
१६. विशेष,संरक्षित तथा स्वायत्त क्षेत्रर पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
१७. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदनसम्बन्धी कार्यको अभिलेखिकरण र समन्वयसम्बन्धी कार्य,
१८. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
१९. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
२०. आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
२१. स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,

२२. भूउपयोग र वस्ती विकास योजनाकार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

२३. स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,

२४. स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,

२५. वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,

२६. स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

२७.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

-राष्ट्रिय योजना आयोग,

-स्थानीय पूर्वाधार व्यवस्थापन विभाग

-सडक वोर्ड नेपाल

-राष्ट्रिय लगानी वोर्ड

-नगर विकास कोष

२८.तोकिए बमोजिमका अन्य कार्यहरू ।

## क) योजना तथा अनुगमन शाखा

१. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,

२. सङ्घ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,

३. प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना तथा बजेट, मध्यकालिन खर्च संरचना तथा रणनीतिक योजना तथा MTEF तर्जुमा सम्बन्धी कार्य,

४. अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजिकरण,

५. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,

६. दिगो विकास लक्ष्य (Sustainable Development Goals) हाँसिल गर्ने सम्बन्धमा स्थानीय तहलाई सहयोग र समन्वय,

७. विशेष, संरक्षित तथा स्वायत्त र पिछडिएको क्षेत्रको विकास सम्बन्धी कार्य,

८. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समिक्षा र प्रतिवेदन अभिलेखीकरण सम्बन्धी कार्य,

९. स्थानीय तहमा नेपाल सरकारबाट प्रदान गरिएबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम सम्बन्धी कार्य,

१०.अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा,एवं कार्यान्वयनमा समन्वय,

११.अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,

१२.वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,

१३.आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,

१४.वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्वन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य

१५.मन्त्रालयबाट गरिने महत्वपूर्ण नीतिगत निर्णयलाई व्यवस्थित गर्न स्थापित नीति समन्वय समिति (PCC) को सचिवालयको रुपमा गर्ने कार्य ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) विकास सहायता समन्वय शाखा

१. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण तथा वैदेशिक अध्ययन, तालिम, भ्रमणको स्वीकृति सम्बन्धी कार्य,
२. मन्त्रालय सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धिको अभिलेखाङ्कन, प्रतिवेदन, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
३. अन्तराष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय सम्बन्धी कार्य,
४. विकास सहायता नीति बमोजिम अन्तर्राष्ट्रिय सहायता सम्वन्धी नीतिगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने ।
५. स्थानीय तहमा अन्तराष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजिकरण सम्बन्धी कार्य,
६. अर्थ मन्त्रालयसँग समन्वय गरी स्थानीय विकासको लागि वैदेशिक सहयोग नीति र प्राथमिकता तय गर्ने सम्बन्धी कार्य,
७. विकास सहायता नीति अनुरुप स्थानीय एवं प्रदेश तहमा कार्यक्रम सञ्चालन गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग समन्वय र सहजीकरण,
८. विकास सहायता अन्तर्गत प्रदेश एवं स्थानीय तहमा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण,
९. नेपाल सरकारसंग सम्झौता भई विभिन्न स्थानीय तह, प्रदेश तथा आयोजनामा कार्यरत विदेशी दक्ष श्रमिक तथा विशेषज्ञहरुको अद्यावधिक विवरण तयार गर्ने र तिनीहरुबाट सम्पादित कार्यको आवधिक मुल्याङ्कन गर्ने,
१०. मन्त्रालयको कामसँग सम्बद्ध विदेशी नागरिक एवं स्वयंसेवकहरुलाई कार्य सहमति तथा भिषाको सिफारिश गर्ने सम्बन्धी कार्य,
११. अन्तराष्ट्रिय सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरूको हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी कार्य,
१२. स्थानीय तहले माग गरेको विदेशी स्वयंसेवक तथा प्राविधिकको व्यवस्था र अनुगमन सम्वन्धी कार्य,
१३. मन्त्रालय तथा स्थानीय तहमा अन्तराष्ट्रिय सहायताबाट सञ्चालित विकास परियोजनाहरूको कार्यान्वयनमा आवश्यक समन्वय गर्ने सम्बन्धी कार्य,
१४. स्थानीय तहहरुको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्वन्ध स्थापना र व्यवस्थित गर्ने सम्बन्धी कार्य ।

(ग) वातावरण तथा विपद् व्यवस्थापन शाखा

१. स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
२. स्थानीय तहमा विपद पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
३. स्थानीय तहमा विपद व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजिकरण, समन्वय र सहकार्यलाई प्रवर्द्धनगर्ने सम्बन्धी कार्य,
४. स्थानीय तहमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्ने सम्बन्धी कार्य,

५. स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय प्रयासहरु र संस्थाहरुबीचको सम्बन्ध, सहयोग र समन्वय कायम गर्ने सम्बन्धी कार्य,
६. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा समन्वय र सहजिकरण सम्बन्धी कार्य,
७. स्थानीय स्तरमा वातावरण प्रदूषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरु निर्धारण तथा सोको कार्यान्वयनमा सहजिकरण र अनुगमन गर्ने सम्बन्धी कार्य,
८. स्थानीय तहको एकीकृत वस्ती विकास मापदण्ड तथा योजना तयारी समन्वय सम्बन्धी कार्य ।
९. वारुणयन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
१०.भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड स्थानीय तहमा कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
११.गाउँ तथा नगरमा बहुप्रकोप प्रतिरोधी भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य ।
१२.स्थानीय तहमा भू-उपयोग योजना कार्यान्वयनमा समन्वय,

## ३. स्थानीय तह क्षमता विकास महाशाखा

१. सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
२. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,
४. विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरुको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,
५. स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,
६. स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
७. स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
८. सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
९. सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
१०. मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
११. सुशासन प्रवर्द्धन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
१२. स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
१३. स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
१४. स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
१५. संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
१६.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
-सङ्घीय संसद
-अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

-राष्ट्रिय मानव अधिकार आयोग,
-राष्ट्रियप्राकृतिक श्रोत तथा वित्तियआयोग,
-राष्ट्रिय सूचना आयोग,
-राष्ट्रिय सतर्कता केन्द्र
-स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
-प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

१७. तोकिए बमोजिमका अन्य कार्य ।

## (क) स्थानीय तह क्षमता विकास शाखा

१. स्थानीय तहका सार्वजनिक पदाधिकारी, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी (सबै प्रकारका तालिम, गोष्ठी, कार्यशाला, अभिमुखीकरण आदि) नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,

२. स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा सङ्घीय तथा प्रादेशिक विषयगत मन्त्रालय, अन्तर स्थानीय तह, सरकारी (जस्तै स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, Staff College, विभिन्न विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु आदि) तथा गैरसरकारी संस्था, विकास साझेदारसंग सम्पर्क, सहयोग, सञ्चार तथा समन्वय,

३. मन्त्रालयको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा जनशक्ति विकास नीति, योजना तथा कार्यान्वय, क्षमता विकासका श्रोत सामाग्री विकास सम्बन्धी कार्य,

४. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य ।

## ख) स्रोत परिचालन समन्वय शाखा

१. स्थानीय राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,

२. स्थानीय तहको आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय सम्बन्धी कार्य,

३. स्थानीय राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन सम्बन्धी कार्य,

४. स्थानीय राजस्व सूचना तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन सम्बन्धी कार्य,

५. स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण,

६. स्थानीय तहको राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार सम्बन्धी कार्य,

७. राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान सम्बन्धी कार्य,

८. स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय सम्बन्धी कार्य,

९. स्थानीय राजस्वको मुल्याङ्कनसम्बन्धी कार्य,

१०. स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय सम्बन्धी कार्य,

११. स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य,

१२.राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

(ग) सूचना तथा प्रविधि शाखा

सूचना तथा सुशासन ईकाइः

१. सूचना अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सम्बन्धी कार्य,
२. सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
३. स्थानीय तहको सफल अभ्यासहरुको प्रचार प्रसार र प्रकाशन गर्ने,
४. सुशासन प्रवर्द्धन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य,
५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सूचना आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क ईकाईको रुपमा कार्य गर्ने,
६. संसद रिपोर्टिङ्ग सम्बन्धी कार्य ।
७. कर्मचारीहरुको विभागीय कारवाही तथा दण्ड सजाय सम्बन्धी कार्य ।

सूचना प्रविधि ईकाईः

१. विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा प्रणालीको विकास र प्रवर्द्धन एवं समन्वय सम्बन्धी कार्य,
२. केन्द्र तथा स्थानीय तहमा सूचना प्रणाली सम्बन्धी कार्यको परामर्श तथा समन्वय गर्ने कार्य,
३. भौगोलिक सूचना प्रणाली सम्वन्धी कार्य,
४. वेवसाइट व्यवस्थापन र सञ्चार प्रविधिसंग सम्बन्धित कार्य

४. कर्मचारी प्रशासन महाशाखा

१. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन,
२. सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
३. निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण तयारी तथा अद्यावधिक,
४. सङ्घीय निजामती कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा,
५. सङ्घीय निजामती कर्मचारीहरुको पुरस्कार र दण्डसम्वन्धी कार्य,
६. कानूनी राय/परामर्श, आदेश तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य,
७. बढुवा समितिको सचिवालय सम्वन्धी कार्य,
८. सङ्घीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
९. प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
१०.आर्थिक प्रशासन तथा वेरुजु सम्बन्धी कार्य,
११.आन्तरिक तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
१२.नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरुको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,

१३.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
- प्रशासकीय अदालत
- निजामती कितावखाना

१४.अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य ।

**क. सङ्घीय र प्रादेशिक कर्मचारी प्रशासन शाखा**

१. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाका कर्मचारी प्रशासन सम्वन्धी कार्य सम्पादन गर्ने,
२. बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा, नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,
३. निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,
४. लोक सेवा अयोगवाट सिफारिस भै आएका उम्मेदवारहरुको नियुक्ति र पदस्थापना सम्वन्धी गर्ने,
५. फाजिल तथा अतिरिक्त समूहमा रहेका कर्मचारीहरुको व्यवस्थापन सम्वन्धी कार्य,
६. निजामती सेवाका कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा, सरुवा सहमती, काज र नियुक्ति सिफारिश सम्वनधी कार्य,
७. निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्वन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,
८. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने।
९. प्रशासकीय अदालतको सम्पर्क शाखाको रुपमा कार्य गर्ने।

**ख. स्थानीय तह कर्मचारी प्रशासन शाखा**

१. स्थानीय तहमा नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल समूह, विविध सेवा तथा यी अन्तरगतका समूह तथा उपसमूहहरुको सञ्चालन सम्बन्धी कार्य,
२. यस मन्त्रालयले सेवा समूह सञ्चालन गर्ने स्थानीय तहमा खटिएका र खटिने प्राविधिक कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
३. स्थानीय तहमा बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,
४. स्थानीय तहमा निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,
५. लोक सेवा आयोगवाट सिफारिस भै आएका उम्मेदवारहरुका स्थानीय तहमा नियुक्ति र पदस्थापना सम्वन्धी कार्य गर्ने,
६. स्थानीय तहमा फाजिलमा रहेका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
७. स्थानीय तहमा निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्बन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,

८. स्थानीय तहहरुमा कर्मचारी पुग नपुगको अवस्था यकिन गरी नपुग कर्मचारी खटाउने,
९. स्थानीय तहहरुबाट कर्मचारी प्रशासन सम्बन्धी राय माय भएमा पेश गरी निर्णयानुसार राय पठाउने,
१०.सबै स्थानीय तहहरुलाई कर्मचारी विवरण अद्यावधिक गर्न लगाई सोको अभिलेख व्यवस्थापन गर्ने,
११.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धानआदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

## ग. बढुवा व्यवस्था शाखा

१. निजामती सेवाका कर्मचारीहरुको बढुवा समितिको सचिवालयको रुपमा कार्य समपादन गर्ने,
२. निजामती सेवाका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फारमहरुको संकलन,विशलेषण तथा आवश्यकता अनुसार प्रमाणिकरण गर्न्ने,
३. नि.से.नि. वमोजिम तोकिएको आधारमा बढुवाको लागि कर्मचारीहरुको योग्यताक्रमका लागि आवश्यक मूल्यांकन गरी बढुवाको प्राथमिकताक्रम निर्धारण गर्ने,
४. बढुवा समितिवाट बढुवाको लागि सिफारिश भएका कर्मचारीहरुको नाम प्रकाशित गर्ने,
५. बढुवा सिफारिश उपर परेका उजुरी सम्वन्धमा लोक सेवा आयोगवाट माग भई आएकोमा प्रतिक्रिया पठाउने,
६. बढुवा सम्वन्धी परेका उजुरी÷मुद्दाका सम्वन्धमा अदालतमा राय,जवाफ,प्रतिक्रिया पठाउने,
७. बढुवा हुने कर्मचारीहरुको नियुक्तिका लायिग पत्राचार गर्ने,
८. बढुवा सम्वन्धी मामलामा राय परामर्श दिने,
९. सम्वद्धता निर्धारण सम्वन्धी कार्य गर्ने
१०.समयमा कार्य सम्पादन मूल्याकन भर्न छुट भएका कर्मचारीको कार्य सम्पादन मूल्याकन भर्न सहमति दिने सम्बन्धी कार्य,

## (घ) आर्थिक प्रशासन शाखा

१. विनियोजन,धरौटी राजश्वको लेखा अद्यावधिक गर्ने र सम्बन्धित कागजात सुरक्षित राख्ने,
२. मन्त्रालयको स्वीकृत बजेट निकासा प्राप्त गर्ने,
३. लेखापरीक्षण गराउने,पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउनेसम्बन्धी कार्य,
४. मातहतका निकायलाई अख्तियारी र निकासा दिने,
५. आवश्यक प्रतिवेदन फाराम तयार गराई सम्बन्धित निकायमा पठाउने,
६. प्रचलित आर्थिक कानूनद्धारा निर्दिष्ट कार्य ।
७. मन्त्रालयको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन शाखासंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गर्ने,
८. स्थानीय तहलाई पठाइने अनुदानको अख्तियारी सम्बन्धी कार्य,
९. स्थानीय तहको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी बेरुजु उपर मन्त्रालयको निर्देशन पठाउने,
१०.मन्त्रालयको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य,
११.शाखाहरूलाई लजिष्टिक सपोर्टको लागि बजेट व्यवस्था सम्बन्धी कार्य,

१२.स्थानीय तहको लेखापरीक्षणको मापदण्ड कार्यान्वयनमा सहयोग ।

## (ङ) आन्तरिक व्यवस्थापन शाखा

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायहरुका कर्मचारीहरुको कर्मचारी प्रशासन सम्वन्धी कार्य,

२. मन्त्रालयको भवन, मेशिनरी लगायत सबै साधनको मर्मत, संचार, लिलाम, मिनाहा र कार्यालय सरसफाई सम्वन्धी कार्य,

३. मन्त्रालय र अन्तर्गतका सामाग्रीहरूको खरिद, भण्डारण र व्यवस्थापन सम्वन्धी कार्य ।

४. मन्त्रालयको खरिद इकाई सम्बन्धी कार्य ।

५. अन्तरराष्ट्रिय सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरुको व्यवस्थापन सम्बन्धी कार्य,

६. कर्मचारी बैठक सम्वन्धी कार्य,

७. मन्त्रालयको आन्तरिक बजेट व्यवस्थापन सम्वन्धी कार्य,

८. मन्त्रालयको मूल दर्ता चलानी, जनसम्पर्क सम्बन्धी कार्य,

९. सवारीसाधनहरुको व्यवस्था सम्वन्धी कार्य,

१०.मन्त्रालयका मन्त्री र सचिवको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य,

११.मन्त्रालय,आयोजनाको जिन्सी निरीक्षण,प्रतिबेदन तयार तथा नियमानुसार कागज धुल्याउने कार्य,

१२.अतिरिक्त समूहमा दरवन्दी रही यस मन्त्रालयमा जिम्मेवारी तोकिएका कर्मचारीहरुको व्यवस्थापन गर्ने,

१३.स्थानीय तहका कर्मचारीका सम्पत्ति विवरण सम्बन्धी कार्य,

१४.स्थानीय तहको चल अचल सम्पत्ति व्यवस्थापनमा सहजिकरण सम्बन्धी कार्य,

१५.मन्त्रालय र अन्तरगत आयोजनाहरुमा आवश्यक अस्थायी दरवन्दी सृजना गरी स्वीकृत गर्ने सम्बन्धी कार्य,

१६.मन्त्रालय र अन्तरगत कर्मचारीहरुको कार्यसम्पादन मूल्याकन सम्बन्धी कार्य,

१७.मन्त्रालय वा अन्तरगतका निजामती कर्मचारीहरुको पुरस्कार सम्वन्धी कार्य गर्ने,

१८.मन्त्रालय अन्तर्गत राजपत्र अनङ्कित पदहरु लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,

१९.पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,

२०.निजामती किताबखानाको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

२१.अन्य शाखामा नतोकिएका कार्यहरु।

## (च) कानून तथा फैसला कार्यान्वयन शाखा

१. मन्त्रालय र अन्तरगत निकायहरुका लागि आवश्यक ऐन, नियम तर्जुमा र संशोधन सम्बन्धी कार्य |

२. स्थानीय तहको नमुना कानुन मापदण्ड र ढाँचा सम्बन्धी विषयमा राय सम्बन्धी कार्य |

३. मन्त्रालय र अन्तरगत निकायलाई कानूनी राय र परामर्श उपलब्धग राउने सम्बन्धी कार्य |

४. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना सम्बन्धी कार्य |

५. मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, करार, समझदारीपत्र समेतका विषयमा कानूनी राय उपलब्ध गराउने सम्बन्धी कार्य |

६. मन्त्रालयको तर्फबाट फिराद्पत्र, प्रतिउत्तरपत्र, रिटनिवेदन, लिखितजवाफ, पुनरावेदनपत्र तयार गरी सम्बन्धित निकायमा पठाउने कार्य |

७. मन्त्रालयसँग सम्बन्धित अदालती फैसलाको अभिलेख तथा कार्यान्वयन सम्बन्धी कार्य ।

## ५. संगठन विकास शाखा

१. कर्मचारी समायोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने,

२. अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संचना समितिको सचिवालयको रुपमा कार्य गर्ने

३. नेपाल सरकारको कार्यालयहरुको संगठन तथा कार्यविधिमा प्रभावकारिता ल्याउन आवश्यकता अनुसार अध्ययन गरी प्रतिवेदन तयारी गरी कार्यान्वयन गर्ने,

४. केन्द्रीय संगठन दिग्दर्शन एवं पद व्यवस्था निर्देशिका सम्बन्धी कार्य

५. केन्द्रीय संगठन तालिका अद्यावधिक गरी प्रकाशन सम्बन्धी कार्य

६. नेपाल सरकारका मन्त्रालय, विभाग लगायतका निकायहरुका साथै इकाइस्तरका संगठनहरुको संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने,

७. संगठन तथा व्यवस्थापन सम्बन्धी राय परामर्श सम्बन्धी कार्य,

८. नेपाल सरकार तथा संवैधानिक अंगहरुका लागि आवश्यक दरवन्दीहरु सृजना तथा खारेज गर्न मन्त्रालय तहवाट सहमति तथा स्वीकृति दिन कारवाही गर्ने,

९. विभिन्न सरकारी निकायहरुको लागि मौजुदा स्थायी दरवन्दी सम्वन्धी नीति तथा आधार तैयार गर्ने,

१०.निजामती सेवाका पद तथा पदाधिकारीहरुको सेवा÷समुह निर्धारण गर्ने,

११.सेवा,समुह विभाजनको कार्यमा सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने,

१२.आवश्यकता अनुसार नयाँ सेवा/समुहहरुको गठन र अनावश्यक सेवा÷समुहहरुको खारेज गर्ने सम्वन्धमा सुझाव दिने,

१३.निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण सम्बन्धित मन्त्रालयवाट तयार गराई अद्यावधिक गर्ने,

१४.कार्यालयको नाम परिवर्तन सम्वन्धी कार्य,

१५.विशेष पद र विशेषज्ञ पद लगायत निजामती सेवाका अन्य विविध पदहरु सृजना र खारेज सम्वन्धमा कारवाही गर्ने,

१६.पद नाम निर्धारण गर्ने र परिवर्तन गर्न सिफारिस सम्बन्धी कार्य,

१७.विभिन्न सेवा, समुह संचालन गर्ने मन्त्रालय विच समन्वय गर्ने गराउने कार्य,

१८.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान, आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्वोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

## ६. प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा

१. राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,

२. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,

३. सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
४. प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,
५. कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
६. व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,
७. प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन
८. सङ्घीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
९. स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालिम सम्बन्धी कार्य,
१०. नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
११. सङ्घीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
१२. राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने
१३. देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- निजामती अस्पताल
- कर्मचारी तालिम प्रतिष्ठान

## क. जनशक्ति योजना तथा विकास शाखा

१. संसद सेवा, स्वास्थ्य सेवा र न्याय सेवा बाहेकका सेवाहरुमा रिक्त रहेका राजपत्रांकित पदहरुको लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,
२. जनशक्ति विकासको लागि स्वदेशी तथा वैदेशिक अध्ययन,तालीम सम्बन्धी छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य गर्ने,
३. निजामती सेवाका कर्मचारीहरुलाई तालीमको आवश्यकता सम्वनधी सर्वेक्षण र अध्ययन,
४. नेपाल सरकारका विभिन्न सेवाका कर्मचारीहरुलाई विभिन्न तालीम संस्थाहरु मार्फत सेवा प्रवेश र सेवाकालीन तालीमको प्रवन्ध गर्ने,
५. नेपाल सरकारका विभिन्न निकायहरुबाट संचालित तालिम सम्बन्धी आवश्यक योजना कार्यक्रम तथा प्रशिक्षण विधि र पाठ्यक्रमसँग सम्बन्धित नीति निर्धारण,
६. कर्मचारीहरुको बृत्ति विकास सम्वन्धी अध्ययन, अनुसन्धान र सुझाव सम्वन्धी कार्यहरु,
७. निजामती सेवाका लागि आवधिक रुपमा जनशक्ति योजना तर्जुमा र विकास सम्वनधी कार्यहरु,
८. नेपाल सरकारका विभिन्न निकायहरुवाट संचालित तालीम कार्यक्रमहरुको बीच समन्वय र अनुगमन,
९. विभिन्न तालिम संस्थाहरुवाट संचालित तालीम कार्यक्रमहरुको स्तर निर्धारण,

१०.राष्ट्रिय तालिम नीति सम्बन्धी कार्यहरु,

११.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा अध्ययन/तालिममा जान मनोनयन,पूर्व स्वीकृति र विदा सिफारिश सम्वन्धी कार्य,

१२.कुनै पनि समुह वा पदको लागि आवश्यक न्यूनतम शैक्षिक योगयता र पाठ्यक्रम सम्बन्धी लोक सेवा आयोगमा परामर्श उपलव्ध गराउने,

१३.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने,

## ख. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

१. नेपाल सरकारका विभिन्न निकायहरुको आकस्मिक तथा नियमित व्यवस्थापन परीक्षण गरी प्रतिवेदन तयार गर्ने,

२. नेपाल सरकारका विभिन्न निकायहरुको सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने,

३. निजामती सेवा ऐन तथा नियमावली बमोजिम अध्ययन, अध्यापन, लेखापरीक्षण व्यवसाय लगायतमा काम गर्न विभागीय स्वीकृति दिने,

४. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धन,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने,

५. उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको सचिवालयको रुपमा काम गर्ने,

६. शासकिय सुधार तथा प्रशासन सुधार सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

७. प्रशासन सुधार सम्वन्धी अध्ययन, अनुसन्धानतथा मन्त्रालयबाट हुने प्रकाशन सम्बन्धी कार्य ( प्रशासन पत्रिका, स्वशासन,शासकीय खबर पत्रिका आदि)

८. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन लगायत संघ संस्थाहरु सम्वन्धी कार्यहरु गर्ने,

९. तलव भत्ता पुनरावलोकन समिति सम्बन्धी सचिवालयको रुपमा कार्य गर्ने,

१०.निजामती सेवामा समावेशीकरण सम्बन्धी कार्य गर्ने,

११.निजामती सेवा सम्बन्धी अन्तरराष्ट्रिय सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

१२.नमुना कार्यालय सम्बन्धी कार्य,

१३.व्यवस्थापन परिक्षणसम्बन्धी कार्य,

१४.एकीकृत घुम्ती सेवा संचालन सम्बन्धी कार्य,

## ग. कर्मचारी कल्याण शाखा

१. निजामती कर्मचारीहरुको सुविधा एवं कल्याण सम्बन्धमा नीति कानून योजना कार्यक्रम तथा कार्यान्वयन सम्बन्धी कार्य र सो को अध्ययन, अनुसन्धान

२. निजामती कर्मचारीले पाउने सुविधा र सहुलियत सम्बन्धमा मन्त्रालयको प्रतिनिधित्व तथा राय सम्बन्धी कार्य

३. औषधि उपचारको थप आर्थिक सहायता दिने कारवाही गर्ने,
४. निजामती कर्मचारी सन्तति छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य,
५. निजामती कर्मचारीको स्वास्थ्य बीमा सम्बन्धी कार्य गर्ने,
६. सेवा निवृत कर्मचारीको हक हित सम्बन्धी कार्य गर्ने,
७. निजामती कर्मचारीलाई दिइने पुरस्कार सम्बन्धी कार्य,
८. निजामती कर्मचारी अस्पतालको सम्पर्क शाखा
९. निजामती कर्मचारी आवासीय विध्यालय र निजामती कर्मचारी आवास सम्बन्धी कार्य
१०. एकीकृत परिवहन सेवाको समन्वय, संचालन र व्यवस्थापन सम्बन्धि कार्य गर्ने।

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हकसम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण वुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम, आयोग, प्रतिष्ठान, समिति र संघ संस्थाको नाम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव | श्री एकनारायण अर्याल |
| १ | सङ्घीय मामिला महाशाखा | सहसचिव | श्री बसन्त अधिकारी |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री तुलसी प्रसाद अर्याल |
| | ▪ स्थानीयतह समन्वय शाखा | उपसचिव | श्री डिलाराम पन्थी |
| | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | उपसचिव | श्री बाबुराम भुसाल |
| २ | कर्मचारी प्रशासन महाशाखा | सहसचिव | श्री राजीव पोखरेल |
| | ▪ सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री कृष्ण प्रसाद भुसाल |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री रुपनारायण खतिवडा |
| | ▪ आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री दशरथराम ओड |

| | | | |
|---|---|---|---|
| | ▪ बढुवा शाखा | उपसचिव | श्री पर्व प्रसाद सापकोटा |
| | ▪ कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव(कानून) | श्री पुरुषोत्तम खतिवडा |
| | ▪ आर्थिक प्रशासन शाखा | उपसचिव(लेखा) | श्री वावुराम ज्ञवाली |
| ३ | योजना तथा विकास सहायता समन्वय महाशाखा | सहसचिव | श्री विष्णु दत्त गौतम |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री महेन्द्र प्रसाद सापकोटा |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री प्रल्हाद कुमार कार्की |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री ऋषिराज आचार्य |
| ४ | स्थानीय तह क्षमता विकास महाशाखा | सहसचिव | डा. श्री गोपीकृष्ण खनाल |
| | ▪ स्थानीय तह क्षमता विकास शाखा | उपसचिव | श्री हेमराज अर्याल |
| | ▪ सूचना तथा प्रविधि शाखा | उपसचिव | श्री सुशीला अर्याल |
| | ▪ स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री राजेश गौतम |
| ५ | संगठन विकास महाशाखा | सहसचिव | श्री बसन्त अधिकारी |
| | संगठन विकास शाखा | उपसचिव | श्री रविन्द्रजंग थापा |
| ६ | प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा | सहसचिव | श्री नारायण प्रसाद अर्याल |
| | ▪ जनशक्ति योजना तथा विकास शाखा | उपसचिव | श्री मदन कोईराला |
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री कबिन्द्र नेपाल |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री तुलसी प्रसाद दाहाल |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | निर्देशक | श्री चिरञ्जिवि तिम्सिना |
| ८ | स्थानीय पूर्वाधार विभाग | महानिर्देशक | श्री ईश्वर चन्द्र मरहट्ठा |
| ९ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री पित् कुमार श्रेष्ठ |
| १० | राष्ट्रिय किताबखाना (निजामती) | महानिर्देशक | श्री नेत्रप्रसाद सुवेदी |
| ११ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | डा. श्री राजन खनाल |
| १२ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | डा. श्री. विधान निधि पौडेल |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### ६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अबधिभित्र र अन्य बिशेष कानूनले अबधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री एकनारायण अर्याल

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

१ संघीय मामिला शाखा

- नमुना कानूनहरु मस्यौदा समितिले स्थानीय तहहरु तथा विषयगत मन्त्रालय र मन्त्रालयको शाखाहरुबाट यस आ.व. मा वनाउन आवश्यक २० वटा नमुना कानूनहरु छनौट गरेको ।
- निम्न कार्यक्रमहरुको अवधारणा पत्र तयारी रहेको ।
  - ७ वटै प्रदेश, स्थानीय सरकार र विज्ञहरुसँग सङ्घीयता कार्यान्वयनमा समस्या र चुनौती सम्बन्धी Virtual कार्यक्रम ।
  - सिमा विवाद सम्बन्धी छलफल सरोकारवाला निकाय तथा सिमाविदसँग छलफल तथा वैठक ।
  - स्थानीय तहमा निर्माण भएका कानूनहरुको परीक्षण सम्बन्धी अवधारणा ।
  - सञ्चार माध्यम मार्फत स्थानीय तहसँग अन्तर्क्रिया कार्यक्रम ।

- प्रदेश नं. १ मा महामारीको रुपमा फैलिएको कोभिड १९ को विवरण संकलन तथा अन्य समन्वयात्मक कार्य भएको ।
- सङ्घीयता संवाद रेडियो कार्यक्रम संचालनका लागि सामुदायिक रेडियोहरुसँग प्रस्ताव माग गरी मासिक ३ वटा कार्यक्रम संचालनको लागि प्रक्रिया भइरहेको ।
- स्वास्थ्य मन्त्रालयबाट स्थानीय तहहरुमा निर्माण हुने स्वास्थ्य कार्यालयका भवनहरु निर्माण गर्न प्रदेश नं. १ अन्तर्गतका ८६ ठाउँहरुसँग समन्वय भएको र सवै कार्यालयहरुको भवन शिलान्यास भएको ।
- स्थानीय तह र प्रदेश सरकारबाट लेखि आए बमोजिम केन्द्र परिवर्तन र सिमाना विवाद सम्बन्धी समन्वयात्मक कार्य गरेको । सिरानचोक गाउँपालिका, गोरखाको केन्द्र परिवर्तनका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेश भएको ।
- स्थानीय सरकार सञ्चालन ऐन संशोधनका लागि सरोकारवालाहरुको राय/प्रतिक्रिया/सुझाव र छलफल पश्चात कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयमा रायका लागि लेखि पठाइएको ।
- स्थानीय तहहरुबाट भएका असल अभ्यासका कार्यहरुको विवरण संकलन र प्रकाशन तथा सार्वजनिकीकरणको तयारी भइरहेको ।

## २ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

| सि.नं. | कार्यक्रमको नाम | प्रगती विवरण |
|---|---|---|
| १ | लैंगिक उत्तरदायी बजेटको स्थानीयकरण | • मिति २०७७।९।०८ मा पनौती नगरपालिकामा लैंगिक उत्तरदायी बजेटको स्थानीयकरण कार्यक्रम सम्पन्न गरिएको ।<br>• मिति २०७७।०९।२० मा नागार्जुन नगरपालिकामा लैंगिक उत्तरदायी बजेटको स्थानीयकरण कार्यक्रम सम्पन्न गरिएको ।<br>• मिति २०७७।०९।२२ मा कालिका नगरपालिकामा लैंगिक उत्तरदायी बजेटको स्थानीयकरण कार्यक्रम सम्पन्न गरिएको ।<br>• मिति २०७७।०९।२४ मा गैंडाकोट नगरपालिकामा लैंगिक उत्तरदायी बजेटको स्थानीयकरण कार्यक्रम सम्पन्न गरिएको ।<br>• मिति २०७७।१०।२७ मा भेरी गंगा नगरपालिका |

| | | |
|---|---|---|
| | | र कोहलपुर नगरपालिकामा लैंगिक उत्तरदायी बजेटको स्थानीयकरण कार्यक्रम सम्पन्न गरिएको ।<br>•<br>• मिति २०७७।१२।१,२,३,४ मा टिकापुर नगरपालिका, जानकी गाउँपालिका कैलाली तथा शुक्लाफाँटा नगरपालिका र बेलौरी नगरपालिका कञ्चनपुरमा सम्पन्न गरिएको । |
| २ | सामाजिक समावेशीकरण नीतिको स्थानीयकरण । | • मिति २०७७।१०।२७ मा भेरी गंगा नगरपालिका र कोहलपुर नगरपालिकामा सामाजिक समावेशीकरण नीतिको स्थानीयकरण कार्यक्रम सम्पन्न गरिएको<br>• मिति २०७७।१२।१,२,३,४ मा टिकापुर नगरपालिका, जानकी गाउँपालिका कैलाली तथा शुक्लाफाँटा नगरपालिका र बेलौरी नगरपालिका कञ्चनपुरमा सामाजिक समावेशीकरण नीतिको स्थानीयकरण सम्पन्न गरिएको । |
| ३ | अन्य संवैधानिक आयोगहरुसंग (६ वटा ) समन्वय तथा सहजीकरण बैठक । | हालसम्म ३ वटा बैठक सम्पन्न गरिएको । |
| ४ | सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत संघ संस्थासंग समन्वयात्मक बैठक । | हालसम्म २ वटा बैठक सम्पन्न गरिएको । |
| ५ | सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यढाँचा | राष्ट्रिय सामाजिक समावेशीकरण नीति स्विकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको, सो नीति मन्त्रिपरिषद्बाट स्विकृत भएर आइनसकेकोले हाल कार्य ढाँचा तयार गर्न |

| | | |
|---|---|---|
| | तयारी | नसकिएको, सो नीति स्विकृत भएर आएपश्चात कार्य ढाँचा तयार गर्न सकिने । |

यस शाखाको वार्षिक कार्यक्रममा नरहेका कार्यक्रमहरु ;

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नमुना कार्यविधिको मस्यौदा अन्तिम चरणमा रहेको ।
२. थप (६ वटा ) संवैधानिक आयोगहरुसंग सम्पर्क मन्त्रालयको भूमिका निर्वाह गर्दै विभिन्न कारणले पछाडी परेका आदिवासी जनजातीहरुको थर सूचिकृत गर्ने कामको लागि आवश्यक सहजीकरण गरिएको ।

**३ स्थानीय तह कर्मचारी प्रशासन शाखा**

- विभिन्न स्थानीय तहहरुमा लोक सेवा आयोगबाट सिफारिश अप्राविधिक तथा प्राविधिक समूहका अधिकृतस्तर छैठौं तहमा वैकल्पिक उम्मेदवारको रुपमा सिफारिश उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सम्बन्धित स्थानीय तहहरुमा सिफारिश गरिएको ।
- विभिन्न स्थानीय तहमा देहाय बमोजिम कामकाज/पदस्थापन/सरुवा/जिम्मेवारी/थप जिम्मेवारी दिइएको ।
  - उपसचिव वा सो सरह : ६६
  - शाखा अधिकृत वा सो सरहः २३१
  - नायब सुब्बा/खरिदार/कार्यालय सहयोगीः १९४
  - अन्य प्रशासनिक तथा भैपरी आउने स्थानीय तहहरु सम्बन्धी दैनिक कामहरु ।

**४ वढुवा शाखा**

| सि. नं. | श्रेणी | माग संख्या | वढुवा समितिकोबैठक संख्या | उम्मेदवार संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रा.प.विशिष्ट | ६ | १२ | | १४ | प्रशासन सेवा (क्लष्टर)-२<br>कृषि वन सेवा- २<br>इन्जिनियरिङ्ग सेवा - २ |
| २ | रा.प.तृतीय | | २ | | | गत आ.व.को विज्ञापन सम्बन्धी निर्णय भएको |
| जम्मा | | ६ | १४ | | १४ | |

## ५ कानून तथा फैसला कार्यान्वयन शाखा

| शिर्षक | महिना | | | जम्मा |
|---|---|---|---|---|
| | २०७७ माघ | २०७७ फागुन | २०७७ चैत्र | |
| लिखित जवाफ | १५ | २२ | १४ | ५१ |
| राय | ६ | २० | २७ | ५३ |
| राजपत्रमा प्रकाशनको लागि पठाइएको | - | - | - | - |
| आदेश कार्यान्वयन | ४ | १० | ३ | १७ |
| कुल जम्मा | | | | १२१ |

## ६ आर्थिक प्रशासन शाखा

- स्थानीय तहहरुको लागि वित्तिय अनुशासन सम्बन्धी भर्चुअल तालिम २ वटा
- उच्च बेरुजु भएका २५ वटा जिल्ला समन्वय समितिहरुको लागि बेरुजु फछ्र्यौट सम्बन्धी कार्यशाला गोष्ठि १ वटा
- मन्त्रालय र अन्तर्गत चालु आ.व. मा हाल सम्म बेरुजुर फछ्र्यौट रु ४४ करोड

## ७ योजना तथा अनुगमन शाखा

- आ.व. ०७७/७८ को दोश्रो चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक सम्पन्न गरेको ।
- सचिव वैठक र केन्द्रीय अनुगमन समितिको वैठकका यस मन्त्रालयसँग सम्वन्धित निर्णयहरुको कार्यान्वयनको प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
- आ.व. ०७७/०७८ को नीति तथा कार्यक्रम एवं वजेट कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति विवरण नियमित रुपमा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
- स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ वमोजिम वजेट बाँडफाँड गरी सम्वन्धित स्थानीय तहहरुमा पठाइएको ।

- आ.व. ०७८/७९ को नीति तथा कार्यक्रममा यस मन्त्रालयको तर्फवाट समावेश गर्न प्रस्तावित विषय तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
- आगामी आ.व. २०७८/०७९ को वजेट वक्तव्यमा समावेश गर्नुपर्ने विषहरु तयार गरी अर्थ मन्त्रालयमा पठाइएको ।
- रज्जुमार्ग तथा केवलकार नीति, २०७७ नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको।
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को प्रावधान वमोजिम प्राप्त भएका विवरण अनुसारको वजेट सम्वन्धित स्थानीय तहहरु र जिल्ला समन्वय समितिहरुमा पठाइएको ।
- मन्त्रालय र अन्तर्गतका कार्यक्रमहरुको कार्यक्रम संशोधन तथा रकमान्तरका लागि अर्थ मन्त्रालयमा पठाइएको ।
- मन्त्रालय र अन्तर्गत निकायका सम्वन्धित कर्मचारीहरुलाई अर्थ मन्त्रालयवाट तयार भएको मन्त्रालयगत वजेट सूचना प्रणाली (LMBIS) सम्वन्धी तालिम आयोजना गरिएको ।
- आगामी आ.व. ०७८/७९ को लागि वजेट सिलिङ सम्वन्धित विभाग/प्रतिष्ठान?समित/आयोजना/कार्यक्रमहरुमा पठाइ वजेट तथा कार्यक्रम तर्जुमा कार्य शुरु गरिएको ।
- Ease Doing Businessमा यस मन्त्रालय र अन्तर्गत निकायसँग प्रत्यक्ष सम्वन्धित सूचकहरुको वार्षिक कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्मा पठाइएको ।
- यस शाखाको ToR अनुसारका अन्य नियमित कार्यहरु सम्पादन गरिएको ।

## ८ विकास सहायता समन्वय शाखा

| सि.न. | कार्यक्रमक्रियाकलाप/ | हाल सम्मको प्रगति |
|---|---|---|
| १ | स्थानीय तहको भगिनी सम्बन्ध व्यवस्थापन कार्यविधि तयार गर्ने | कार्यविधिको मस्यौदा तयार गर्न सार्वजनिक खरिद ऐन र नियमावली बमोजिमको परामर्शदाताबाट मस्यौदा मन्त्रालयमा पेश भएकोमा अन्तिम रुप दिन छलफल भईरहको । |
| २ | स्थानीय तहको पदाधिकारीहको बैदेशिक भ्रमण सम्बन्धि निर्देशिका तयार गर्ने | निर्देशिकाको मस्यौदा तयार गर्न सार्वजनिक खरिद ऐन र नियमावली बमोजिमको परामर्शदाताबाट मस्यौदा मन्त्रालयमा पेश भएकोमा अन्तिम रुप दिन छलफल भईरहको । |

| | | |
|---|---|---|
| ३ | वैदेशिक सहायतामा परिचालित आयोजनाहरुको प्रोफाईल अद्यावधिक गर्ने | विभिन्न निकायहरुबाट प्राप्त प्रगति विवरणहरुको समेटेको पुस्तकको मस्यौदा तयार गरि अन्तिम रुप दिन मन्त्रालयमा गठन भएको कार्यदलले मस्यौदालाई अन्तिम रुप दिन प्रदान गरि मन्त्रालयमा पेश भई प्रकाशनको लागि दिइएको । |
| ४ | साना विकास परियोजना | भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजना अन्तर्गत विद्यालयको भवन निर्माणको लागि त्रियुगा नगरपालिका तथा वुटवल उपमहानगरपालिकासँग MOU भएको । |
| ५ | उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जिवनस्तर सूधार कार्यक्रम | उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जिवनस्तर सूधार कार्यक्रमको लागि १५ वटा आयोजनाहरुको Project Profile अर्थ मन्त्रालयमा पठाइएको । |

## ९ वातावरण तथा विपद व्यवस्थापन शाखा

- ढुंगा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी प्राकृतिक स्रोतको दिगो व्यवस्थापनको लागि कानूनको मस्यौदा तयार गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७७।१२।१ मा सैद्धान्तिक सहमति प्राप्त भई कानूनको मस्यौदा तयारीको कार्यारम्भ गरिएको ।
- आ.व. २०७७/७८ को चैत्र मसान्त सम्ममा कूल ३० वटा योजना/आयोजनका वातावरणीय अध्ययन प्रतिवेदन/कार्यूची स्वीकृत गरिएको ।
- स्थानीय विपद् प्रतिकार्य योजनाको नमुना मस्यौदा तयार गरिएको ।
- स्थानीय तहको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको रणनीतिक योजनाको नमुना ढाँचा तयार गरि सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकामा परिक्षणको क्रममा रहेको ।

## १० स्रोत परिचालन समन्वय शाखा

- स्थानीय तहहरुको राजश्व परिचालन स्थितिपत्र तयार गर्ने कार्यक्रमको लागि सबै स्थानीय तहमा पत्राचार गरी विवरण संकलनको काम भइरहेको ।

- स्थानीय तहको राजश्व सुधार कार्ययोजना, सम्पत्ति कर संकलन र व्यवस्थापन सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयारीको प्रक्रिया अघि बढाइएको ।
- स्थानीय कर नीति र प्रणाली सम्बन्धी स्रोत सामाग्री तयारी प्रक्रिया अघि बढाइएको ।

## ११ सूचना तथा प्रविधि शाखा

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २९ औं वार्षिक प्रतिवेदनमा संलग्न यस मन्त्रालय संग सम्वन्धित सुझावहरुको कार्यान्वयन प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त स्थानीय तहहरुको ६१ बुँदे सुझाव कार्यान्वयन सम्बन्धमा स्थानीय तहहरुबाट प्रगति विवरण माग गरि आयोगमा पठाइएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २९ औं वार्षिक प्रतिवेदनमा संलग्न स्थानीय तहसंग सम्वन्धित सुझावहरुको कार्यान्वयन प्रगति विवरण स्थानीय तहसँग माग गरी आयोगमा पठाइएको ।
- सूचनाको हक सम्वन्धी ऐन तथा नियमावली वमोजिम २०७६ माघ १ देखि २०७७ असार मसान्त सम्म, २०७७ श्रावण १ देखि आश्विन मसान्त सम्म एवम् २०७७ कार्तिक १ देखि पौष मसान्त सम्मको यस मन्त्रालयको प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको वेभसाईटमा प्रकाशित गरिएको एवम् राष्ट्रिय सूचना आयोग र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा समेत पठाइएको ।
- १९ वटा सूचना मागको विवरण निवेदकलाई उपलव्ध गराईएको ।
- उजुरी गुनासो फछ्यौंटको अवस्था / देहाय वमोजिम रहेको-:

  प्र.म. तथा म.प. को कार्यालय – १४/१३

  अ.दु.अ.आ. – २७/२५

  रा.स.के. – ६/५

  अन्य – २७/२७

  हेलो सरकार – ५७/५७

  अ.दु.अ.आ. वाट प्राप्त निर्णय कार्यान्वयन मिसिल लगत कट्टा संख्या - ५
- निलम्वन तथा विभागीय कारवाही सम्बन्धी कार्य निरन्तर भैरहेको ।
- हेलो सरकार एकाई व्यवस्थापन तथा सहजीकरणको कार्य निरन्तर भइरहेको एवं आ.व. २०७७।७८ को चैत्र मसान्त सम्म ५७ वटा उजुरीको फछ्यौंट गरिएको ।
- अफिस अटोमेशन सिस्टम सञ्चालन सम्बन्धमा आधारभूत तालिम संचालन गरिएको एवम् प्रणाली संचालनमा आएको ।

- विद्युतिय हाजिरी व्यवस्थापन गर्ने सम्वन्धमा विद्युतीय हाजिरीका लागि सबै कर्मचारीहरुको Fingerprint, Face को विवरण मेशिनमा राख्ने काम भइरहेको एवम् विद्युतीय हाजिरीलाई डाटा अद्यावधिकका लागि केन्द्रिय सर्भरमा जोडिएको ।
- विद्युतिय शासन सम्बन्धी निती, कानुन, योजना, कार्यक्रम तथा प्रणालीको विकास प्रबर्द्धन एवम् समन्वय सम्बन्धी कार्यको सम्वन्धमा मोफागा पोर्टल विकासको लागि आवश्यक कार्य भइरहेको ।
- वेवसाईट व्यवस्थापन र सञ्चार प्रविधि सँग सम्बन्धित कार्य नियमित भइरहेको ।
- यस मन्त्रालयको तर्फबाट नेपाल सरकार मन्त्रिपरिषद्मा पठाउनु पर्ने प्रस्ताव सम्बन्धी कार्य नियमित भइरहेको ।
- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट अनुरोध भई बमोजिम स्थानीय तह स्व-मूल्यांकनको लागि यस अघि तयार पारिएको प्रणालीमा आवश्यक परिमार्जन गर्नुपर्ने भएकोले सो बमोजिम तयार पारिएको प्रणालीको लागि आवश्यक पर्ने सर्भरहरुको व्यवस्थापनका लागि सूचना प्रविधि विभागलाई अनुरोध गरिएको ।
- जिल्ला समन्वय समिति एवम् स्थानीय तहहरुको लागि यस मन्त्रालयबाट प्रदान गरिएको वेब सर्भर र इमेल सेवाका लागि आउने अनुरोधहरुको आवश्यक व्यवस्थापन गरिएको ।
- नेपाल सरकारको एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ को प्रारम्भिक मस्यौदामा यस मन्त्रालयको तर्फबाट आवश्यक राय/सुझाव पठाइएको ।
- स्थानीय तहहरुको आ.व. २०७७/७८ को बजेट सम्बन्धी विवरण प्रविष्ट गर्न यस मन्त्रालयको पोर्टलमा बजेट सम्बन्धी मोड्युल थप गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भए बमोजिम स्थानीय तहहरुको ३ बर्षको प्रगति विवरण प्रविष्ट गर्न यस मन्त्रालयको पोर्टलमा आवश्यक मोड्युल थप गरिएको ।

## १२ स्थानीय तह क्षमता विकास शाखा

- स्थानीय तह क्षमता विकास प्रशिक्षण प्रतिष्ठानको पुर्नसंरचनाका लागि गठित कार्यदलको वैठक मिति २०७७।११।१९ मा बसी नयाँ ऐन तर्जुमाको लागि अर्थ मन्त्रालयबाट राय तथा परामर्श मागको लागि प्रक्रिया अगाडि बढाइएको ।
- स्थानीय तह क्षमता विकास आवश्यकता विश्लेषणका लागि गठित कार्यदलको वैठक मिति २०७७।११।२० मा वसी प्रश्नावली तयार गरिएको ।

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र काठमाडौं विश्वविद्यालयवीच भएको साझेदारी सम्झौता (MOU) बमोजिम यस शैक्षिक सत्रका लागि उतिर्ण भएका कर्मचारीहरुको मनोनयन तथा स्वीकृतिका लागि प्रक्रिया अगाडी वढाइएको ।
- सङ्घीय संरचनामा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको भूमिका, काम, कर्तव्य र अधिकार एवम् नामाकरणका सम्बन्धमा थप अध्ययन गरी नयाँ ऐन निर्माण गरी परिवर्तित भूमिकालाई परिभाषित गर्न विस्तृत अध्ययन गरी मन्त्रालयमा पेश गर्न कार्यदल गठन भएको ।
- स्थानीय विकास सम्बन्धी विविध आयामलाई समावेश गरी दुई वर्षे स्नातकोत्तर तहको पाठ्यक्रम (Masters In Local Development) तथा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानवाट संचालन गर्न सकिने MidTerm-Training Moudle (३ देखि ६ महिना) को पाठ्यक्रम तर्जुमा गर्नका लागि पाठ्यक्रम तर्जुमा समिति गठन गरी कार्यजिम्मेवारी तोकिएको ।
- कर्मचारीमा English Knowledge and Skill Enhance गर्नका लागि काठमाडौं विश्वविद्यालयबाट तीन महिने Professional English Writing and Policy Communication विषय समेत समेटिएको Academic Course संचालन गर्ने प्रक्रिया अगाडी बढाइएको ।

## १३ संगठन विकास शाखा

(क) संगठन संरचना र दरवन्दी पुनरावलोकन भई स्वीकृत भएका निकायहरु:

- नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को अनुसूची-३ मा पदनाम थप गर्ने गरी संशोधन भएको ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सूचना आयोगको संगठन संरचना र दरबन्दी संशोधन भएको ।

(ख) कर्मचारी समायोजन/मिलान सम्बन्धीः

- कर्मचारी समायोजन/मिलान सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई समायोजन/मिलानको काम भई रहेको ।

## १४ जनशक्ति योजना तथा विकास शाखा

- वैदेशिक छात्रबृत्तिको लागि कोटा बाँडफाँट गर्न निजामती सेवा ऐन, २०४९ को दफा ४०(ख) को उपदफा ३ बमोजिमको समितिको १ वटा बैठकमा सचिवालय सम्बन्धी कार्य ।
- Pofessional course on Management and Development (PCDM) तालिमका लागि ३५ जना शाखा अधिकृत, Advanced course on Management and Development (ACDM) तालिमका लागि

६ जना उपसचिव र Senior Executive Development Program (SEDP) तालिमको लाग २५ जना प्रशिक्षार्थी मनोनयन गर्ने कार्य ।

- विभिन्न मन्त्रालय/आयोग/ सचिवालय/निकायसँग रा.प. तृतीय श्रेणी (अप्राविधिक) का रिक्त पदहरुको विवरण संकलन गरेको र प्राप्त रिक्त विवरण अनुसार नेपाल प्रशासन सेवा तर्फका सामान्य प्रशासन समुह-११४, लेखा समुह-८९, राजश्व समुह-१०८, नेपाल परराष्ट्र समुह-४ र नेपाल लेखा परीक्षण सेवा-२९ जना रा.प. तृतीय श्रेणीको माग आकृति लोकसेवा आयोगमा पठाउने कार्य भएको ।
- माग आकृति तयार सम्बन्धी मापदण्ड, २०७७ तयार गरी रायका लागि कानून तथा फैसला शाखामा पठाइएको ।
- JICA बाट यस मन्त्रालयका लागि प्राप्त अनलाईन तालिममा मन्त्रालय तथा मातहत निकाय र स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई वैदेशिक अनलाईन तालिममा कार्यक्रममा मनोनयन गर्ने कार्य ।
- अध्ययन विदाका उपलब्ध गराउने कार्य अन्य निकायबाट माग भए अनुसार विदाका सम्बन्धमा राय उपलब्ध गराउने कार्य ।

## १५ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

- कर्मचारी व्यवस्थापन, सेवा प्रवाह, अन्तरनिकाय समन्वय, प्रशासन सुधार लगायतका विषयमा सबै मन्त्रालयहरुको प्रशासन महाशाखा प्रमुखहरुसँगको अन्तर्क्रिया कार्यक्रम प्रत्येक दुई महिनामा आयोजना हुने गरेकोमा पछिल्लोपटक गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको । 6 फागुन 2077
- सार्वजनिक निकायले प्रचलित कानून तथा प्रशासकीय नियम र कार्यविधि पालन गरे नगरेको, कार्यसम्पादन करार, वार्षिक योजना, बजेट तथा कार्यक्रमबमोजिम कार्य गरे नगरेको तथा सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा विभिन्न ६ वटा निकायहरुको व्यवस्थापन परीक्षण सम्पन्न भएको ।
- काभ्रे जिल्लाको वटा सार्वजनिक निकायहरुको सेवाग्र 3ाही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको ।

## १६ कर्मचारी कल्याण शाखा

- निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाको शर्त र सुविधा) दोश्रो संशोधन विनियमावली, २०७७ को मस्यौदा तयार गरी सोको मस्यौदा स्वीकृतिका लागि यस मन्त्रालयका श्रीमान् सचिवज्यू मार्फत नेपाल सरकारका मुख्य सचिव तथा निजामती कर्मचारी अस्पताल विकास समितिका अध्यक्षज्यू समक्ष पेश गरिएको ।

- नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा निजामती कर्मचारी अस्पताल विकास समितिको ९४ औं बैठक सञ्चालन र व्यवस्थापनमा आवश्यक समन्वय गरिएको ।
- सरकारी कामको सिलसिलामा दुर्घटना परी घाईते तथा मृत्यू भएका कर्मचारीहरुले प्राप्त गर्ने सेवा सुविधा र कडा रोग लागि थप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी विषयमा कारवाही सम्पन्न गरिएको ।

## १७ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

- नवप्रवर्तन साझेदारी कोष सञ्चालन कार्यविधि तयारीको लागि काठमाडौं विश्वविद्यालयसंग सम्झैता भै प्रारम्भिक मस्यौदा प्राप्त भइ अध्ययनमा रहेको ।
- स्थानीय तहको संस्थागत मुल्याङ्न कार्यविधि प्रकाशन भै कार्यान्वयनमा आएको ।
- सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका लागि स्थानीय शासन, सङ्घीयता, सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास व्यवस्थापनका क्षेत्रमा स्वदेश भित्रै उच्च स्तरीय जनशक्तिको उत्पादन तथा विकास गरी सार्वजनिक क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि गर्ने उद्देश्यले व्यवसायिकता र पारस्परिक हितको सिद्धान्तमा आधारित भई आपसी सहकार्य तथा सहयोगको आदान प्रदान गर्न मिति २०७७ कार्तिक १७ गते सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र काठमाण्डौ विश्वविद्यालयबीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भै प्रारम्भिक मस्यौदा प्राप्त भएको ।
- प्रदेश तथा स्थानीय तहको लागि क्षमता विकास व्यवस्थापन सूचना प्रणाली (CDMIS) तयार भइ कार्य शुरु भएको ।
- स्थानीय तहको वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तयार गर्न परामर्शदातासंग सम्झौता अनुसार कार्य शुरू भएको ।
- GESI Guideline र GESI Audit Guideline अन्तिम मस्यौदा तयार भएको र गण्डकी प्रदेशले GESI Guideline तयार गरी २ वटा मन्त्रालयको GRB सम्पन्न गरेको छ साथै GESI, सहभागितामूलक विकास लगायत विषयमा प्रचार सामग्री तयार कार्य भैरहेको ।
- PCGG मार्फत १४४ जना (५१ महिला) प्रदेश तहका लेखा समूहका कर्मचारीहरूलाइ वित्तीय अनुशासन, प्रस्ताव लेखन, लैङ्गिक समानता सम्बन्धी तालिम सञ्चालन भएको ।
- सार्वजनिक खरिद योजना निर्माण कार्यविधि तयार भएको ।
- स्थानीय तहहरूलाइ सार्वजनिक खरिद व्यवस्थापन तालिम मोड्युलको मस्यौदा तयार भएको ।
- स्थानीय तहको बस्तुगत विवरण तयारी ढाँचा निर्माण भई कार्यान्वयनमा रहेको । हाल सम्म १७ स्थानीय तहले उक्त ढाँचा अनुसार बस्तुगत विवरण अध्यावधिक गरेको ।

- स्थानीय तहहरूबाट भएका असल अभ्यासहरूको संकलन भई डकुमेन्ट्री तथा प्रतिवेदन प्राप्त भइसकेको ।
- कार्यक्रमको तर्फबाट बनाउने कानूनहरु सूची मन्त्रालयका शाखाहरुसंग समन्वय भइ सङ्घीय मामिला महाशाखाबाट प्राप्त भएको, कार्ययोजना अनुसार पौष महिनाबाट निर्माण शुरु भएको ।
- नमूना सञ्चार नीति तयार गर्ने कार्यको लागि कार्यक्षेत्रगत शर्त स्वीकृत भई स्थानीय तहको लागि स्थानीय सञ्चार सम्बन्धी कानून, रणानीति तथा कार्ययोजना र आन्तरीक सञ्चार निर्देशिका (नमुना) तयार गर्ने गरी परामर्शदातासंग सम्झौता भएको छ भने प्रदेश सरकारको लागि प्रादेशिक सञ्चार सम्बन्धी कानून र सङ्घ तथा प्रदेश सरकारको लागि Communication Manual: Style and Usage for Public Sector in Nepal (नमुना) तयार गर्न परामर्शदाता छनौट कार्य भैरहेको छ ।
- स्थानीय तहको वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको अन्तिम मस्यौदा तयार भएको छ ।
- बेरूजु फछ्यौट रणनीतिको लागि कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन परामर्शदाताबाट प्राप्त भएको छ ।
- स्थानीय तहको बस्तुगत विवरण सङ्कलन प्रणाली (Mobile App based) र नक्शामा आधारित विश्लेषण प्रणाली (Web based) तयार भइसकेको । १९७ स्थानीय तहहरूले यसको प्रयोगका लागि निवेदन दिएको । ३९ वटा स्थानीय तहहरूले तालिम प्राप्त गरी बस्तुगत विवरण सङ्कलन कार्य अघि बढिसकेको । वस्तुगत विवरण तयारी ढाँचा (LG Profile) अध्यावधिक कार्य भैरहेको ।
- सार्वजनिक वित्त व्यवस्थापनको तालिम मोड्युल तयारीको लागि परामर्शदातासँग सम्झौता भई कार्य भइरहेको ।

## १८ तराई-मधेश समृद्धि कार्यक्रम

| सि.नं. | मुख्य क्रियाकलाप | प्रगति |
|---|---|---|
| १ | तराई मधेश कार्यक्रमको प्रदेशस्तरीय समिक्षा तथा WPPMS (Web-based Project Progress Monitoring System) सम्बन्धी प्रशिक्षण दिने । | तराई-मधेश समृद्धि कार्यक्रम लागु भएका स्थानीय तहहरुमा आ.व. २०७६।७७ मा कार्यान्वयन भएका आयोजनाहरुको भर्चुअल पद्दतिबाट समिक्षा गरिएको । |
| २ | तराई मधेश समृद्धि कार्यक्रम सञ्चालनका लागि विद्यमान कार्यविधिमा संशोधन/परिमार्जन गर्ने । | तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७७ स्वीकृत भएको । |

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नामर पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री एकनारायण अर्याल |
| प्रवक्ता | सहसचिव श्री बसन्त अधिकारी |
| सूचना अधिकारी | उपसचिव श्री सुशीला अर्याल |

## ११. आर्थिक कारोवार सम्बन्धि अद्ध्यावधिक विवरण

आ व २०७७।७८ को बजेट र २०७७ पौष मसान्त सम्मको खर्च भएको प्रगति (रु हजारमा)

| बजेट उपशीर्षक | शुरू बजेट | रकमान्तर | | खुद बजेट | खर्च | बाँकि बजेट | खर्च % |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | | | | |
| ३६५०००११३ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३०४६०० | ८०९७ | ६८५० | ३०५८४७ | १३६२०८ | १६९६३९ | ४४.५३ |
| ३६५०००११४ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८०० | ० | ५००० | ४८०० | ३२०५ | १५९५ | ६६.७७ |
| ३६५०००१२३ अतिरिक्त समूह | १८७७०० | १८८१९ | १८८१९ | १८७७०० | ५७५७७ | १३०१२३ | ३०.६८ |
| ३६५००१०२३ संघीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | ६४०० | ० | ० | ६४०० | ५७८ | ५८२२ | ९.०३ |
| ३६५००१०४३ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६६००००० | ६५७९८५५ | ६५७२७३७ | ६६०७११७ | ५७४१३३ | ६०३२९८४ | ८.६९ |
| ३६५००१०४४ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ३३०३ | ० | ३३०३ | ३३०३ | ० | १०० |
| ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालयहरु | १०४०००० | ८२१०३ | ० | ११२२१०३ | ६१३७८४ | ५०८३१९ | ५४.७ |
| ३६५००१०६३ बहुक्षेत्रीय पोषण कार्यक्रम | १३३७००० | ९२३३८ | १२९०९०१ | १३८४३७ | ६२१२ | १३२२२५ | ४.४९ |
| ३६५००१०७३ तराई मधेस समृद्धि | १६१०० | ९१४ | ९१४ | १६१०० | ६२८६ | ९८१४ | ३९.०४ |

| बजेट उपशीर्षक | शुरू बजेट | रकमान्तर | | खुद बजेट | खर्च | बाँकि बजेट | खर्च % |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | | | | |
| कार्यक्रम | | | | | | | |
| ३६५००१०७४ तराई मधेस समृद्धि कार्यक्रम | ३०० | ० | ० | ३०० | ० | ३०० | ० |
| ३६५००१०८३ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५०४०० | १३६८ | १३६८ | ४५०४०० | १५१५०१ | २९८८९९ | ३३.६४ |
| ३६५००१०८४ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १२८६०० | ५०० | ५०० | १२८६०० | ४६००२ | ८२५९८ | ३५.७७ |
| ३६५००१०९३ उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | २०००००० | ३३०५०० | ६६१००० | १६६९५०० | ० | १६६९५०० | ० |
| ३६५००११०३ साना विकास परियोजना | ४८०००० | ० | ० | ४८०००० | ० | ४८०००० | ० |
| ३६५०१०११३ स्थानीय पूर्वाधार विभाग | २५६०० | ० | ० | २५६०० | १५७६३ | ९८३७ | ६१.५७ |
| ३६५०१०११४ स्थानीय पूर्वाधार विभाग | १८०२०० | १५०० | ३६९२० | १४४७८० | ३६६४४ | १०८१३६ | २५.३१ |
| ३६५०११०१३ ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १६८०० | ० | ० | १६८०० | ५७३० | ११०७० | ३४.११ |
| ३६५०११०१४ ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १०० | ० | ० | १०० | ० | १०० | ० |
| ३६५०११०२३ ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०४१०० | ० | ० | १०४१०० | ५२०३२ | ५२०६८ | ४९.९८ |
| ३६५०११०२४ ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ५६०९२०० | ० | ० | ५६०९२०० | १६६६८०६ | ३९४२३९४ | २९.७२ |
| ३६५०११०३३ झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | २६००० | ० | ० | २६००० | १५८४८ | १०१५२ | ६०.९५ |

| बजेट उपशीर्षक | शुरू बजेट | रकमान्तर | | खुद बजेट | खर्च | बाँकि बजेट | खर्च % |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | | | | |
| ३६५०११०३४ झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | २९२४३०० | ५०००० | ५०००० | २९२४३०० | १५२५८७० | १३९८४३० | ५२.१८ |
| ३६५०११०४३ ग्रामीण पहुंच कार्यक्रम | ३२०० | ० | ० | ३२०० | २०८५ | १११५ | ६५.१६ |
| ३६५०११०४४ ग्रामीण पहुंच कार्यक्रम | ११००० | ० | ० | ११००० | ० | ११००० | ० |
| ३६५०११०६३ स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २५०० | ० | ० | २५०० | १२९२ | १२०८ | ५१.६८ |
| ३६५०११०६४ स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | ६८८२०० | ५१००० | ५१००० | ६८८२०० | ५१८४० | ६३६३६० | ७.५३ |
| ३६५०११०७३ पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ४२५०० | ० | ० | ४२५०० | ० | ४२५०० | ० |
| ३६५०११०९३ साना सिंचाई कार्यक्रम | २४०० | ३३०५०० | ३३०५०० | २४०० | १०८२ | १३१८ | ४५.०८ |
| ३६५०११०९४ साना सिंचाई कार्यक्रम | १४७३०० | ९९१५०० | ९९१५०० | १४७३०० | ० | १४७३०० | ० |
| ३६५०११११३ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ४१०० | ० | ० | ४१०० | १४०८ | २६९२ | ३४.३४ |
| ३६५०११११४ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ७९५९०० | ७६३५०० | ७६३५०० | ७९५९०० | ४४४६० | ७५१४४० | ५.५९ |
| ३६५०१११२३ प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ५०००० | ५०००० | ५०००० | ५०००० | ६०८२ | ४३९१८ | १२.१६ |
| ३६५०१११२४ प्रादेशिक तथा | ४९५०००० | २७५७२० | २७५७२० | ४९५०००० | ४६५६ | ४९४५३४४ | ०.०९ |

| बजेट उपशीर्षक | शुरू बजेट | रकमान्तर | | खुद बजेट | खर्च | बाँकि बजेट | खर्च % |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | | | | |
| स्थानीय सडक सुधार कार्यक्रम | | | | | | | |
| ३६५०२०११३ निजामती किताबखाना | ४८२०० | ८०० | ० | ४९००० | २९६८० | १९३२० | ६०.५७ |
| ३६५०२०११४ निजामती किताबखाना | १०२०० | ३५४२० | ० | ४५६२० | २५८५३ | १९७६७ | ५६.६७ |
| ३६५६१०११३ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ८९६०० | ५१२२ | ५१२२ | ८९६०० | ४१४६७ | ४८१३३ | ४६.२८ |
| ३६५६१०१२३ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २४५५०० | ० | ० | २४५५०० | १६७१६६ | ७८३३४ | ६८.०९ |
| ३६५६१०१३३ आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५२५०० | ० | ० | ५२५०० | २४५६५ | २७९३५ | ४६.७९ |
| ३६५६१०१३४ आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६३०० | ० | ० | ६३०० | २१३४ | ४१६६ | ३३.८७ |
| ३६५८१०११३ निजामती कर्मचारी अस्पताल विकास समिति | ४९६००० | १६३५०७ | १६३५०७ | ४९६००० | २२३९०२ | २७२०९८ | ४५.१४ |
| जम्मा | २९०९२६०० | ९८३६३६६ | ११२७५८५८ | २७६५३१०७ | ५५४५१५४ | २२१०७९५३ | २०.०५ |

## १२. मन्त्रालयको वेभसाईट

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटः www.mofaga.gov.np

## १३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट www.mofaga.gov.np मा नियमित प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको साथै विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।

## १४. मन्त्रालय/नियकायमा परेको सूचना माग सम्बन्धी निवेदन

आ.ब. २०७७/७८ मा प्राप्त सूचना माग सम्बन्धि निवेदन २५ वटा मध्ये १९ वटाको सूचना उपलब्ध गराइएको र ६ वटा प्रक्रियामा रहेको ।

## १५. मन्त्रालयले गरेका सूचना सम्वन्धि थप कामहरु

स्थानीय तहको पोर्टल विस्तार तथा सूचना संप्रेषण सम्वन्धमा देहायका कार्यहरु भएको:

- ७५३ स्थानीय तहहरुलाई आन्तरिक संचारको लागि Mofaga पोर्टल विकास गरि वेवसाईट संग आवद्ध गरिएको ।
- आन्तरिक संचारको लागि बल्क ईमेल तथा वेव एसएमएस सिस्टम विकास गरि वेवसाईटसंग आवद्ध गरिएको ।
- ७५३ वटै स्थानीय तहहरुलाई Zoom Meeting सफ्टवेयरको License उपलव्ध गराईएको (UNDP को सहयोगमा प्राप्त)
- पोर्टल संचालनका लागि ७५३ स्थानीय तहका सूचना प्रविधि अधिकृतलाई Zoom मार्फत तालिम प्रदान गरिएको ।
- पोर्टल संचालनको लागि ७५३ स्थानीय तहहरुलाई User Name र पासवर्ड उपलव्ध गराई सम्वन्धित स्थानीय तहको वजेट विवरणपालिकाको ,प्रमुख प्रशासकीय अधिकृतको विवरण , गराउने का सम्पर्क विवरण अध्यावधिकर्य शुरुवात गरिएको ।
- Zoom मार्फत विभिन्न स्थानीय तहहरुसंग Online Meeting तथा अन्तर्क्रिया गरिएको ।
- सूचना आदान प्रदानको लागि स्थानीय तह र मन्त्रालय विच दोहोरो सम्पर्कको माध्यम बनाउन आबश्यक कार्य भईरहेको ।

## १६. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## १७. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

वर्गीकरण नभएको ।

नोटः प्रस्तुत विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिन्छ ।